गोसाईंकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रु, रसुवा
३ नं प्रदेश नेपाल

**विज्ञापन कर संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०१

यस गाउँपालिकाको चालु आ.व. २०७५/०७६ को आर्थिक ऐन, २०७५ को दफा ६, अनुसूची (४) बमोजिमको दरमा संकलन गर्नुपर्ने विज्ञापन कर शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा संस्था / फर्मले देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ ।

| सि. न | शिलबन्दी दरभाउपत्र नं. | विवरण | न्युनतम अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/०७५/७६ राजश्व | विज्ञापन संकलन | रु. ४,५०,००० /– | रु. १,०००/– | |

**शर्तहरु**

- दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको कार्यालय समयभित्र यस कार्यालयको नेपाल बैंक लि.धुन्चे, रसुवा शाखामा रहेको सञ्चितकोष खाता नं. १११०३००००००००४००१००४ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी वा यस कार्यालयमा राजश्व शाखामा नगदै दाखिला गरी खरिद गर्नुपर्ने छ ।
- शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले आठौं दिनको १२:०० बजे भित्र उल्लेखित कुल अंकमा नघट्ने गरी पेश गरिसक्नु पर्ने छ । सोहि दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । रीतपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन ।
- दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ कूल अंकको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. शाखा धुन्चे, रसुवामा रहेको १११०३००००००००३००००४ नम्बरको धरौटी खातामा रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्रसाथ संलग्न हुनु पर्ने छ ।
- प्रचलित कानून बमोजिम लाग्ने कर तथा शुल्कहरु दरभाउपत्रदाता व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ ।
- तोकिएको दररेट भन्दा बढी दरमा कर उठाउन पाइने छैन ।
- कुल कबोल अंकलाई एक किस्ता कायम गरिने छ । कुल कबोल अंक रकम सम्फौता हुनु अगावै बुफाउनु पर्ने छ ।
- सम्पूर्ण किस्ता वापतको रकम यस कार्यालयको सञ्चित कोषमा दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि मात्र सम्फौता गरिने छ । ठेक्का सदर भएको व्यक्तिले तोकेको समयभित्र सम्फौता गर्न नआएमा धरौटी रकम जफत हुने छ ।
- दरभाउपत्र स्वीकृत भई सम्फौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा, माफी दिइने छैन ।
- विज्ञापन करको दर देहाय बमोजिम हुने छ :
  - होर्डिङ बोर्ड प्रति वर्ग फिट रु १००/–
  - भित्ते लेखन प्रति वर्ग फिट रु ५०/
  - पोल बोर्ड प्रति वर्ग फिट रु १००/–
- शर्तमा उल्लेख नभएका विषयहरुका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ र थप जानकारीको लागि फोन नं. ०१०५४१०८८ मा सम्पर्क गर्न सकिने छ ।